# संघीय संसद
# राष्ट्रिय सभा
# संघीयता सबलीकरण तथा राष्ट्रिय सरोकार समिति

बैठक संख्याः२३७

मिति २०८०/१२/०९

समयः दिनको १:०० बजे

प्रारम्भः दिनको १:१० बजे

अन्त्यः दिनको ३:०५ बजे

<u>छलफल तथा निर्णय</u> :-

समितिको आज मिति २०८०/१२/०९ गते शुक्रबार बसेको बैठकमा देहायका विषयमा छलफल तथा निर्णय भयोः-

१) मिति २०८०/०४/२३ गतेको बैठकबाट पारित समितिको आ.व.२०८०/८१ को वार्षिक कार्ययोजना र सो कार्ययोजनाको कार्यप्रगति, समितिबाट हालसम्म सम्पन्न भएको काम कारवाहिको संक्षिप्त विवरण प्रस्तुतिकरण भयो।

२) आजको बैठकमा माननीय सदस्यहरुले नवनिर्वाचित माननीय सभापतिलाई बधाई एवं शुभकामना तथा सफल कार्यकालको कामना व्यक्त गर्नुभयो।

३) समितिको काम कारवाहिलाई अझ प्रभाकारी बनाउनको लागि राष्ट्रिय सभा नियमावलीमा भएको संशोधन पश्चात यस समितिको कार्यक्षेत्रमा भएको थपघट र समितिको आजको बैठकमा माननीय सदस्यहरुको कार्ययोजनामा समावेश गर्नुपर्ने सुझावलाई समेत मध्यनजर राख्दै यस आ.व.भित्र सम्पन्न गर्न सकिने कामकारवाहिको कार्ययोजना पेश गर्न र कार्यक्षेत्रका विषयमा सम्बन्धित मन्त्रालय, निकाय र विषयविज्ञको उपस्थितिमा छलफल गर्ने व्यवस्था मिलाउन समिति सचिवालयलाई निर्देशन दिने निर्णय भयो।

४) आगामी दिनमा समिति बैठकलाई सुचना प्रविधि मैत्री एवं पेपरलेस बनाउनको लागि समितिमा प्रस्तुत हुने कागजपत्र, समिति बैठकको जानकारी माननीय सदस्यहरुलाई ईमेल, एसएमएस, WhatsApp मार्फत पठाउने निर्णय भयो।

५) समितिको आगामी बैठक अर्को सूचना भएपश्चात बस्ने गरि आजको बैठक अन्त्य भयो।

(सीता काफ्ले वाग्ले)
समिति सचिव

(सोनाम गेल्जेन शेर्पा)
सभापति